# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी, मधेश प्रदेश

पत्र संख्या:-२०८१/०८२
च.नं.:-

मिति:-२०८१।०४।०८

जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश, नेपाल २०103

तेस्रो पटक सूचना प्रकाशित मिति २०८१।०४।०८ गते

**पशु हाट वजारको ठेक्का लगाउने सम्बन्धी सूचना**

जलेश्वर न.पा.वा.नं. १ स्थित बरुणसर पोखरीको डिलमा लाग्ने सोमवार तथा विहिवारका दिन लाग्ने पशु हाट बजारको सेवा शुल्क संकलन गर्न आ.व.२०८१।२०८२ को २०८१ साल श्रावण २२ गते देखि आ.व.२०८१।२०८२ को २०८२ साल श्रावण २१ गते सम्म वर्ष १ को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक महानुभावहरुले निम्न शर्तको बन्देजमा रही सात(७) दिने डाक बढाबढ द्वारा ठेक्का लगाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**पशु हाट बजारको सेवा शुल्क दरवन्दी :-**

(क) बाखा, खसी, भेडा, बोका आदि विक्रि गर्ने संग सैकडा रु. १।-
(ख) बाखा, खसी, भेडा, बोका आदि खरिद गर्ने संग सैकडा रु. १।-

१. पशु हाट बजारको डाक बढाबढ मिति २०८१ साल श्रावण महिना १५ गते दिनको १ बजे देखि ४ बजे बेलुका सम्म जलेश्वर न.पा. कार्यालय भित्र हुनेछ ।

२. डाक बढाबढ गर्दा नेपाली नागरिक भएमा ठेक्का अंकको ५% रकम र विदेशी नागरीक भएमा १०% रकम यस कार्यालयमा नगदै जम्मा गर्नुपर्ने छ ।

३. ठेक्का स्वीकृत भएपछि ठेक्का अंक लाई दुई किस्तामा बुझाउनु पर्ने छ । पहिलो किस्ताको कुल रकम चलन पुर्जि दिने दिन सम्म नगदै र बाँकी किस्ता बराबरको कुल रकम नेपाल राष्ट्र बैंकबाट (क) वर्गको मान्यता प्राप्त बैंकको कम्तीमा १ वर्ष म्याद भएको बैंक जमानी पत्र वा ठेक्क अंकको कुल रकम नगदै यस नगरपालिका कार्यालयमा बुझाई सकेपछि कवुलियत पट्टा गराई चलन पुर्जि दिने कार्य हुनेछ ।

४ ठेक्का सम्बन्धी दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृतिक कारणबाट हुने हानी नोक्सानीको जिम्मेवारी यस कार्यालयको नभै स्वयं ठेकदारको हुनेछ । स्वीकृत ठेक अंकमा बन्द, हरताल आदि जस्ता कारणबाट कुनै पनि छुट वा मिन्हाको दावी गर्न पाउने छैन ।

५. ठेक्का संग सम्वन्धित काममा लाग्ने सरकारी कर, दस्तुर आदि ठेकदार स्वंयले नै बुझाउनु पर्ने र ठेक्का अवधि सम्पन्न भएपछि कर हिसाव चुक्ताको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता दिईनेछ

६. सम्पूर्ण किस्ता रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

७. ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. पशु हाट बजार क्षेत्र भन्नाले वरुणशर पोखरीको पूर्व दक्षिण कुनाको २०० मिटर भित्रको क्षेत्र हुनेछ ।

९. यस सम्वन्धी अन्य कुरा बुझ्न आवश्यक भएमा यस कार्यालयको आर्थिक प्रशासन शाखा तथा कर शाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१०. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालना ठेकेदारले गर्नुपर्ने छ ।

११. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१२. न्यूनतम अंक रु.४१,००,१५१।- (एक्चालिस लाख एक सय एकाउन्न मात्र) ।

अधिकृत छैठौं

'०४/०८

निमित प्रमुख प्रशासकिय अधिकृत

टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइट: http://www.jaleshwarmun.gov.np